जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १०१ २०७९ साल कात्तिक ३० गते बुधबार (16 Nov. 2022 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : विचार : निर्वाचन : नयाँ ... ३ पृष्ठमा : स्वच्छ ऊर्जा विस्तारमा ... ३ पृष्ठमा :विश्वको जनसंख्या आठ अर्ब ...

# वर्तमान खर्चिलो चुनावी प्रणालीलाई सच्याउनुपर्नेमा जोड




**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्तमान खर्चिलो चुनावी प्रणालीलाई सच्याउनुपर्नेमा जोड दिएका छन् ।

मंगलबार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ८ तोपामा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले पैसा नहुने तर निर्वाचनका लागि योग्य उम्मेदवारले पनि भाग लिन पाउने अवसरका लागि निर्वाचन प्रणालीमा सुधारको आवश्यक रहेको बताए ।

उनले संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्नुपर्ने बताउँदै सबै जातजाति, वर्ग र तहको अधिकारका लागि संविधान संशोधन गर्न आवश्यक रहेको उल्लेख गरे । सप्तरीको विकास लागि शिक्षा, स्वास्थ्य, सडक लगायतका पूर्वाधारहरुको विकास आवश्यक रहेको बताउँदै उनले ती कार्यहरु सुरु भइसकेको र आगामी दिनमा पूरा गरेर छाड्ने प्रतिबद्धता जनाए ।

नेता यादवले पहिला छाता निर्वाचन चिन्ह लोकतान्त्रिक समाजवादी पार्टीकै रहेकोमा अहिले मधेशीको भावना विपरित अल्पिएर गएका कारण उनीहरुको आगामी निर्वाचनमा ३ प्रतिशत पनि मत नपुग्ने दावी गरे ।

नेकपा एमालेका जिल्ला सहससचिव प्रभाकर सिंह तथा जसपाका प्रदेश कमिटी सदस्य सत्यनारायण यादवको संयुक्त अध्यक्षतामा आयोजित कार्यक्रममा जसपाका नेता तथा पूर्व मन्त्री मृगेन्द्रकुमार सिंह, मधेश प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, पार्टी प्रवक्ता मनिषकुमार सुमन, महिला नेतृ तथा संविधान सभा सदस्य रन्जु ठाकुर, पार्टीका केन्द्रीय सदस्य शैलेन्द्रमोहन झा लगायतले सम्बोधन गरेका थिए ।

# लोकतान्त्रिक-वाम गठबन्धनका उम्मेदवारहरु घरदैलोमा व्यस्त

**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक ।**

मौन अवधी सुरु हुनु दुई दिन अघि लोकतान्त्रिक-वाम गठबन्धनका प्रतिनिधिसभा र प्रदेश सभाका उम्मेदवारहरु मतदातालाई रिझाउन घरदैलो कार्यक्रमलाई तिव्रता दिएका छन् ।

सप्तरी निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार जयप्रकाश ठाकुर, प्रदेशसभा सदस्य उम्मेदवार सरोज मंडल र उमेश कुमार यादव मतदातालाई आफ्नो पक्षमा पार्न घरदैलो अभियानलाई तिव्रता दिएका हुन् ।

राजविराज नगरपालिका वडा नं. १३, १४ र १५ मा मंगलवार घरदैलो गरेको प्रतिनिधिसभा सदस्य उम्मेदवार जयप्रकाश ठाकुरले जानकारी दिए । ठाकुरले आफू यहींका बासिन्दा भएको र जनताको सुखदुखमा सधै साथ दिएकाले मतदाताहरुले जिताउने विश्वास व्यक्त गरे ।

जनताको मौलिक अधिकार शिक्षा, रोजगारको विकास गर्न आफू तैयार रहेको भन्दै उनले लोकतान्त्रिक वाम गठबन्धनका उम्मेदवार जिते जनताको सपना पुरा हुने बताए ।

जसपा अध्यक्ष उपेन्द्र यादवले कागजमै विकास गरेर जनतालाई ठगेको आरोप लगाउँदै लोकतान्त्रिक वाम गठबन्धनका उम्मेदवारलाई मतदान गर्न मतदाताहरुलाई आग्रह गरे । नेपाली काँग्रेसका नेता इर्शाद अन्सारीले मधेशमा जसपाको सरकारले एउटा पनि उद्योग सञ्चालन गर्न नसकेको बताए । केन्द्र देखि प्रदेश जसपाकै कृषि मन्त्री सम्म रहेपनि किसानका लागि मल समेत पुर्‍याउन नसकेको उनको भनाई थियो ।

ग्रामिण भेगका जनताको

***बाँकी अन्तिम पृष्ठमा***

# यूवा विदेशिनुले मुलुक बेरोजगार उत्पादन केन्द्र बन्दै : शेरचन



**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक ।**

नेपाली काँग्रेस (विपी) का केन्द्रिय सभापति सुशिलमान शेरचनले लाखौं यूवा रोजगारीका लागि विदेशिनुले मुलुक बेरोजगार उत्पादन केन्द्र बन्दै गएको बताएका छन् ।

चुनावी प्रचार प्रसारको क्रममा मेची-महाकाली अभियान अन्तरगत उनी मंगलबार सप्तरी सदरमुकाम राजविराज आइपुगेपछि पत्रकारहरुसँग कुरा गर्दै यस्तो बताएका हुन् ।

जिम्मेवार दलहरुले मुलुकलाई बेरोजगार उत्पादन केन्द्र बनाएको आरोप लगाउँदै उनले आगामी निर्वाचनबाट आफ्नो पार्टी राष्ट्रिय पार्टी बन्ने दाबी समेत गरे । अब जनताले नयाँ सोच र सिद्धान्त बोकेको आफ्नो पार्टीलाई साथ दिने उनको दाबी छ ।

पार्टीका महामन्त्री देवेन्द्र

***बाँकी अन्तिम पृष्ठमा***

# दुई दिन सार्वजनिक बिदा शैक्षिक संस्था चार तथा विश्वविद्यालय पाँच दिन बिदा

**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक ।**

सरकारले आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि सरकारी कार्यालय तथा सार्वजनिक निकायमा दुई दिन बिदा दिने भएको छ ।

गृह मन्त्रालयले मंगलबार एक सूचनामार्फत आगामी मंसिर ४ र ५ गते सरकारी कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको जानकारी दिएको छ ।

मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलद्वारा प्रकाशित उक्त सूचनामा मतदानस्थल रहेका शिक्षण संस्था वा विद्यालयमा भने मंसिर २ देखि ५ गतेसम्म बिदा दिइएको छ ।

यस्तै त्रिभुवन विश्वविद्यालयले पनि आगामी मंसिर १ देखि ५ गतेसम्म विश्वविद्यालयका सबै क्याम्पस र कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । विश्वविद्यालयका अधिकांश क्याम्पसमा मतदान केन्द्र राखिएको छ ।

कतिपय क्याम्पसमा मतगणना केन्द्रसमेत राखिएको हुँदा विश्वविद्यालयका दैनिक काम कारवाहीमा असर पुग्ने देखिएकाले बिदा दिने निर्णय गरिएको विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले जानकारी दिए ।

यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले पनि मतदानका दिन आन्तरिक उडानतर्फ नियमित उडान नहुने जनाएको छ ।

निर्वाचन आयोगले यसअघि नै निर्वाचनमा बढीभन्दा बढी सहभागिता रहोस् भनेर सार्वजनिक बिदा दिन सरकारलाई आग्रह गरेको थियो ।

# मंसिरमा ब्याजदर नबढ्ने

काठमाडौं, २९ कात्तिक (रासस) ।

वाणिज्य बैंकहरूले आगामी मङ्सिरमा निक्षेपको ब्याजदर नबढाउने भएका छन् । मंगलबार बसेको वाणिज्य बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घको बैठकले मङ्सिरमा निक्षेपको ब्याजदर नबढाउने निर्णय गरेका हुन । आम रूपमा बैंकको ब्याजदर घटाउनुपर्ने माग उठ्दै आएको छ । निक्षेपको ब्याज बढ्दा कर्जाकोसमेत ब्याज बढ्न जाने भएकाले अर्थतन्त्रका अन्य क्षेत्रमा चाप पर्दै आएको छ ।

ब्याजदर बढ्दा आर्थिक क्षेत्रमा चाप परेको र लगानीको वातावरण क्रमशः बिग्रदै गएको भन्दै नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ तथा नेपाल चेम्बर अफ कमर्सलगायतका सङ्घ संस्थाले ब्याजदर तत्काल घटाउन माग गरिरहेका छन् । यही सन्दर्भमा बैंकर्स सङ्घले मङ्सिरमा भने निक्षेपको ब्याजदर नबढाउने निर्णय गरेको सङ्घका उपाध्यक्षसमेत रहनुभएका एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसीले जानकारी दिनुभयो ।

सङ्घले ब्याजदर नबढाउने निर्णय गरेसँगै कात्तिक महिनामा लागू गरिएको ब्याजदर नै लागू हुनेछ । बैंकहरूले निक्षेपमा व्यक्तिगत मुद्दती निक्षेपमा १२ दशमलव १३ प्रतिशत र संस्थागततर्फ नौ दशमलव १३ प्रतिशत ब्याज प्रदान गरिरहेका छन् । गत वर्षको चैतदेखि गत

***बाँकी अन्तिम पृष्ठमा***

## जनज्योति कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# विचार : निर्वाचन : नयाँ आयाम र अनुभूति

काठमाडौँ, २९ कात्तिक (रासस)।

सन् २०१४ को डिसेम्बरमा जापानमा संसदीय निर्वाचन हुँदै थियो र हामी एसियाका १५ देशका पत्रकार राजधानी टोकियोमा थियौँ। निर्वाचनमा नभएर हामी जापानको विदेश मन्त्रालयको निमन्त्रणामा त्यहाँ पुगेका थियौँ। सहर नगरमा कतै पर्चा पम्प्लेट थिएनन्।

न त विभिन्न कला र 'कलर'मा उम्मेदवारका तस्वीर नै टाँसिएका थिए। भित्तेलेखनका रङ्गीचङ्गी केही भेटिँदैनथे। डिसेम्बर १४ मा मतदान थियो र त्यस दिन केही निर्वाचन केन्द्रको निरीक्षण गर्‍यौँ। त्यस दिन जापान सरकारका तीन कार्यालयका कार्यालयमा पुग्यौँ। सबै सरकारी कार्यालय, विद्यालय, विश्वविद्यालय सञ्चालनमा थिए। कतै सवारी बन्द थिएनन्, मतदान केन्द्र या कार्यालयमा कतै भीड थिएन। यो सबै देख्दा लाग्थ्यो यसरी पनि कसरी आमनिर्वाचन भइरहेको होला ? सोच्थ्यैँ- चुनावको छ महिनाअघिदेखि प्रचारको कोलाहल सुरु हुने हाम्रो देशमा पनि यस्तो निर्वाचन सम्भव होला ?

करिब छ महिनाअघिको हाम्रो स्थानीय निर्वाचनले थालनी गरेको नयाँ अभ्यासले हामीलाई केही प्रतिशतमात्र भए पनि जापानको त्यो 'सभ्य' निर्वाचन प्रक्रियाको करिब नजिक ल्याइदिएको छ। त्यही नयाँ अभ्यासलाई आसन्न निर्वाचनले लगभग स्थापित गरिदिएको छ। चुनाव भनेपछि घरका भित्ता, सडक छेउका पर्खाल, नगरका साझा भौतिक सम्पत्तिहरू सबै पर्चा र पम्प्लेटले रङ्गीचङ्गी हुने परम्परा अब लगगभ हटेको छ। कसैको अनुमति चाहिँदैनथ्यो, प्रचारमा खटिएका पात्रहरूले नागरिकका घर पर्खालमै यस्ता पर्चा टाँसिदिन्थे। उम्मेदवारका विभिन्न कद र कलामा सजिएका तस्वीर नगरका भौतिक संरचनामै झुण्डिएका हुन्थे। निर्वाचनको प्रचारअघि टाँसिएका यी प्रचार सामग्री निर्वाचन सकिएपछि उम्मेदवारले हटाउँदैनथे, नगर-महानगरले नै कर्मचारी खटाएर हटाउनुपर्थ्यो। पछिल्ला दुई निर्वाचनमा नै यो अभ्यास स्थापित भएपछि अब लाग्दैछ चुनावका नामको यो ज्यादति दोहोरिँदैन होला।

चुनावमा यस्तो प्रचार रोक्न के सम्भव छ ? किनभने नेपालको निर्वाचन आयोग या अन्य कतिपय संवैधानिक निकायहरू राजनीतिक दलकै छत्रछायाँ प्राप्त हुने गरेकाले उनीहरूको सहमतिबेगर यस्तो होला र ? यी प्रश्नको निरुपण निर्वाचन आयोगले गरेको बुझिन्छ। निर्वाचन आयोगका चुनावी योजना र कार्यक्रममा वर्तमान सरकार तथा राजनीतिक दलहरू सकारात्मक भइदिँदा यो नयाँ थिति बस्न सकेको हो। अहिले नगर, बजार सफा छ। सडक छेउमा कुनै उम्मेदवारका ठूला- ठूला तस्वीर झुण्डिएका छैनन्।

व्यक्तिका निजी निवास या पर्खालमा पनि विगतको जस्तो ज्यादति भेटिँदैन। विगतका दृश्यहरूको कल्पना गर्ने हो भने त चुनाव आउन अब एक हप्तामात्र बाँकी रहेको अनुमान पनि गर्न सकिँदैन। तर सडक नगरका ती भौतिक पर्चाहरू अहिले भर्चुअल माध्यमतर्फ भने सरेका छन्। यतिखेर नागरिकका फेसबुक, ट्वीटरजस्ता सामाजिक सञ्जालमा यस्ता प्रचार भेटिन्छन्। यो देख्दा लाग्छ भौतिकरूपमा उपलब्ध सञ्चारमाध्यम जसरी डिजिटल बनेका छन्, चुनाव प्रचारको शैलीले पनि नयाँ आयामको जन्म लिएको छ।

हिजोका चुनावमा जसरी उम्मेदवारले नसुहाउने ढङ्गबाट आफ्ना अस्वाभाविक आकृति चुनाव प्रचारका नाममा सार्वजनिक स्थानमा राख्ने गर्दथे त्यही रोग अहिले सामाजिक सञ्जालमा सरेको छ र यो हेर्दा व्यक्तिका सामाजिक सञ्जालको नाम सामाजिक मात्र दिने कि त्यसको अगाडि 'अ' थप्ने भन्ने प्रश्न जन्मिएको छ। हिजोको भौतिक पर्चाको त्यो पर्खाल अहिले सामाजिक सञ्जालको 'वाल' मा सरेको छ।

समाज परिवर्तनको चक्रमा घुम्ने धेरै तत्वमध्येको अग्रस्थान प्रविधिले ओगटेको धेरै भइसक्यो। त्यसको केही अंशले नेपालमा पनि विस्तारै प्रवेश पाएको छ। प्रविधिको विकासले समाजका धेरै क्षेत्रमा नयाँ आयाम थपिदिएजस्तै निर्वाचनको प्रचार शैलीमा पनि परिवर्तन ल्याइदिएको देख्न सकिन्छ। अहिले भौतिक पर्चाबाट भर्चुअलमा आउँदा हामीलाई नयाँपनको महसुस भएजस्तै भोलिका दिनमा यो पनि पुरानो हुने गरी अर्को नवीनतम् आयाम जन्मिनसक्छ प्रविधिको प्रयासबाटै। जसरी अहिले फेसबुकले आफ्नो सेवामा बहुआयामिकताको विकास गरेको छ यसरी नै अघि बढ्दा अहिले फेसबुकले 'अडियो कमेन्ट' गर्न दिएको सुविधा पनि भोलिका दिनमा धेरै पुरानो भइसक्ने दिन छिट्टै नआउला भन्न सकिँदैन।

यो प्रविधिको विकासबाट लाभ लिन सक्ने हो भने त घर-घरमा पुगेर नागरिकलाई मतदाता शिक्षा दिनुपर्ने अवस्थाको पनि अन्त्य गर्न सकिन्छ। त्यसो त, गएको स्थानीय निर्वाचनबाट नै निर्वाचन आयोगले यो परम्परागत कामको अन्त्य गरेको थियो र यस निम्ति केही हदसम्म प्रविधिको सहायता लिएको पनि थियो। यद्यपि, कतिपय राजनीतिक दलहरूले पहिलोपटक मतदाता शिक्षा कार्यक्रम नगर्नाले धेरै मत बदर भएको अर्थ लगाए र अहिले महिला स्वयंसेविका परिचालन गरिएको छ। यद्यपि, मतदाता शिक्षाको अभावले नै मत बदर भएको होइन भन्ने तथ्य त सबैभन्दा धेरै मत काठमाडौँ, पोखरामा बदर भएबाट पनि उद्घाटित भएकै हो। सायद हिजोका दिनमा कतिपय राजनीतिक दलले आफ्ना कार्यकर्तालाई ठूलो रकमसहित मतदाता शिक्षाको काममा संलग्न गराएका पनि थिए होलान्।

कारण यही हो या अरु केही, यस्ता भौतिक शिक्षाको काम बन्द गरेर डिजिटल सेवामा जानु यिनै पछिल्ला निर्वाचनमा देखिएको अर्को एक नयाँ आयाम भने हो। यसो हुँदा आफ्ना मत बदर भए भने आफूहरूलाई नै मर्का पर्छ भनेर राजनीतिक दलहरूले आफ्ना कार्यकर्तालाई मतदाता शिक्षामा खटाउन सके झनै राम्रो। आखिर उनीहरू जनताका घरदैलोमा पुगी नै हाल्छन्। उनैले सर्वसाधारण नागरिक, जो मतपत्रमा छाप लाउने तरिका जानेका हुँदैनन् उनीहरूलाई सिकाउँदा राम्रै होला। यो काममा सामाजिक सञ्जाल प्रयोग गर्न सके त झनै राम्रो।

निर्वाचन आयोगले आचारसंहिताको पालना कडाइका साथ गरेको देखिएको छ। चुनावका बेलामा एकले अर्को पार्टीलाई आरोप-प्रत्यारोप त गरिहाल्छन् नै। तर आपत्तिजनकरूपमा कसैले विरोध गरेमा तथा राजनीतिक दलहरूले तडकभडकरूपमा प्रचारका शैली अपनाएका धेरै नेतालाई निर्वाचन आयोगले स्पष्टीकरण सोध्ने गरेको छ। यसबाट अहिले नै नभए पनि निर्वाचनमा हुने खर्चका तरिका र विधिमा आगामी दिनमा परिवर्तन आउने नै छ। अर्कातर्फ सरकारी बेरुजु राख्ने तथा पहिलेका निर्वाचनमा आफूले गरेको खर्चको विवरण नबुझाउने उम्मेदवारलाई आयोगको अर्को कडाइ यसपटकको निर्वाचनमा देखापर्‍यो। यसैकारणले कतिपय उम्मेदवारको यसपटक उम्मेदवारी पनि खारेज हुन पुगेको छ। यो नजिर आगामी निर्वाचनमा पनि स्थापित हुन सकोस्। यसबाट हाम्रो निर्वाचन प्रणालीमा धेरै नै परिवर्तन आउने छ। मुलुकमा संसदीय निर्वाचन प्रजातन्त्रको सुदृढीकरणका लागि हो र प्रजातान्त्रिक आचरण भनेको मानवीय व्यवहारकै एक उच्चतम् अभ्यास पनि हो। त्यसैले मुलुकमा हुने आवधिक निर्वाचनहरू पनि यस्तै प्रजातान्त्रिक आचरणका हुन् भन्ने अपेक्षा नागरिकको रहेको हुन्छ। र यी नयाँ आयामले नै यस्ता आचरणको फैलावटमा सहज बनाउने छ।

स्वतन्त्र उम्मेदवारीमा युवाहरूको बढ्दो आकर्षण यो निर्वाचनको अर्को एउटा नयाँ आयाम नै हो। मुलुकका परम्परागत मिडियाले तिनको प्रचारलाई प्राथमिकतामा राख्न नसके पनि सामाजिक सञ्जालबाट पनि उनीहरूबारे नागरिकले जान्न पाएका छन्। वैशाखको स्थानीय निर्वाचनले स्थापित गरिदिएका केही स्वतन्त्र नयाँ अनुहारको जगमा उभिएर अहिले उम्मेदवारीको यो नयाँ स्वरुप देखापरेको हुनसक्ने धेरैको मत छ। अघिल्लो निर्वाचनमा सफल बनेका केही पात्रहरूको उदाहरण यहाँ अनुसरण गर्न खोजिएको भए पनि उनीहरूलाई मतदाताले स्थापित गर्न भने बाँकी नै छ। यो आयामले आउने दिनमा निर्वाचनमा राजनीतिक पार्टीमात्र नभएर कुनै पनि व्यक्तिको योग्यता र क्षमतालाई पनि मतदाताले कसी लाउन पाउने अवसर प्राप्त हुनेछ। यो नयाँ प्रवृत्तिले आगामी दिनमा नेपाली राजनीतिलाई निर्मलीकरण गर्न केही हदसम्म सहयोग गर्न पनि सक्छ।

निर्वाचनको अघिल्लो दिन मतदानको उमेर पुगेकालाई मत हाल्न दिने निर्वाचन आयोगको नयाँ निर्णयले नयाँ मतदाता थपिदिएको छ। अहिले निर्वाचनमा खट्ने तथा सो क्षेत्रमा रहेका कर्मचारीलगायतलाई अस्थायी मतदान केन्द्र स्थापना गरी मत हाल्न दिने व्यवस्था पनि गरिएको छ। यसबाट मत जाहेर गर्न पाउने सम्बद्ध व्यक्तिको अधिकारको रक्षा भएको छ। त्यस्तै अघिल्लो निर्वाचनमा भएको खर्च विवरण नबुझाएकाको उम्मेदवारी नै खारेज गर्ने पछिल्लो निर्णयले उम्मेदवार र चुनावका बीचको दायित्व र इमान्दारिताको दायरालाई केही फराकिलो पारिदिएको छ। यो निर्वाचनका यी केही नयाँ आयामलाई आगामी दिनका चुनावमा पनि निरन्तरता पाउनु जरुरी छ। विदेशमा रहेका दशौँ लाख नेपालीले मतदान गर्न पाउने अधिकारको यसपटक पनि सुनुवाइ हुन किन सकेन ? त्यस्तै प्रविधिको यो स्वरुपको विकास देखिरहेको देश अझै पनि विद्युतीय मतदानमा जान नसक्नुका कारण के होलान् ? नयाँ निर्वाचनले नयाँ-नयाँ आयाम जन्माइरहँदा हाललाई अनुत्तरित रहेका यी प्रश्नको जवाफ आगामी दिनमा भने सबै मिलेर खोज्नैपर्ने हुन्छ।

# निर्वाचनले हवाई यात्रु बढे, चुनावका दिन चार्टर्ड उडान मात्रै

काठमाडौँ, २९ कात्तिक (रासस)।

आसन्न निर्वाचन नजिकिएसँगै हवाई यात्रुको चाप पनि बढेको छ। निर्वाचनको माहोल बढ्दै जाँदा राजधानी काठमाडौँ भित्रिने र बाहिरिने यात्रुहरूको सङ्ख्या बढेको विमानस्थल कार्यालयले जानकारी दिएको छ।

दैनिक १४ हजारभन्दा बढीले काठमाडौँस्थित आन्तरिक विमानस्थल प्रयोग गरिरहेको विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाले जानकारी दिनुभयो। "निर्वाचन नजिकिएसँगै आन्तरिक उडानमा चाप बढेको छ, यात्रुको चापले विमानस्थल भरिभराउ छ", उहाँले भन्नुभयो।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका लागि मतदाता गन्तव्यमा पुग्नुपर्ने भएकाले अहिले यात्रको भीडभाड बढेको हो। यात्रुको सङ्ख्या बढेपछि दसैँ तिहारमा जस्तै एयरलाइन्सको विजनेश पनि बढेको छ।

वायु सेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले निर्वाचनको सन्दर्भमा आन्तरिक उडानमा केही चाप बढेको बताउनुभयो। उहाँका अनुसार निर्वाचनको अघिल्ला दिन मङ्सिर १, २ र ३ गते तथा मतदानपछि मङ्सिर ५ र ६ गते उडानको चाप बढी हुने अनुमान गरिएको छ। "निर्वाचन अघिका तीन दिन र निर्वाचन पछिका दुई दिन हवाई उडानमा अध्यधिक चाप हुनेछ, अहिले निर्वाचनको स–ङ्घारमा पनि उडानका यात्रु बढेका छन्", प्रवक्ता शर्माले भन्नुभयो।

निजी क्षेत्रका अग्रणी वायुसेवा प्रदायक कम्पनी बुध्द एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स, सौर्य एयरलाइन्स, गुण एयरलाइन्सलगायत कम्पनीमा उडान चाप छ।

बुद्ध एयरका वरिष्ठ कार्यकारी

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# स्वच्छ ऊर्जा विस्तारमा नेपालले अगुवाइ

**कृष्ण अधिकारी**
काठमाडौं, २९ कात्तिक (रासस)।
केही वर्षअघिसम्म ऊर्जा सङ्कटकालको सामना गरिरहेको नेपाल अहिले विद्युत् ऊर्जामा आन्तरिक माग धान्न सक्ने मात्र नभई वर्षायाममा निर्यात गर्ने अवस्थामा पुगेको छ। नेपालले प्रदूषित ऊर्जा स्रोतहरूबाट स्वच्छ विद्युत् ऊर्जातर्फ छिटाभन्दा छिटो रुपान्तरणको दिशामा बढेको छ। यसले हरित गृह ग्यासको उत्सर्जन कम गर्नुका साथै आर्थिक जोखिमतालाई घटाउन पनि मद्दत पुग्दछ।

नेपालको ९८ प्रतिशत विद्युत् उत्पादन जलविद्युत् र नवीकरणीय ऊर्जाका स्रोतहरूबाट हुने गर्दछ। यस्ता स्वच्छ ऊर्जाका स्रोतहरूबाट अहिले २२ सय मेगावाट विद्युत् आपूर्ति भइरहेको छ भने पाँच हजार मेगावाट निर्माणाधीन रहेका छन्। त्यसैले देश विद्युत्बाट खाना पकाउन, विद्युतीय सवारी, औद्योगिक तथा व्यापारिक क्षेत्रमा आपूर्ति गर्ने सम्भावना रहेको छ भने कृषि क्षेत्रमा ताताउन, चिस्याउन र पानी तान्न सकिन्छ। यसले गर्दा नेपालको ऊर्जासँग सम्बन्धित क्षेत्रबाट हुने कार्बनडाइअक्साइडको उत्सर्जनलाई २०३० सम्म ८.६ मिलियन मेट्रिक टन र २०४५ सम्म ३५०० मिलियन मेट्रिक टन न्यूनीकरण गर्न सकिन्छ।

यसबाहेक स्वच्छ ऊर्जा उत्पादनको उल्लेखनीय उपयोगबाट नेपालले दक्षिण एसियामै हरित गृह ग्यास उत्सर्जन कम गरी घरायसी उत्सर्जनलाई घटाउन सक्ने देखिन्छ। यसका लागि नेपालले सुख्खायाममा स्वच्छ ऊर्जाको व्यवस्थापन गर्नुपर्ने हुन्छ। यसो भएमा ४५ गिगावाट जलविद्युत् र नौ गिगावाट सौर्य ऊर्जाबाट प्रतिवर्ष नौ अर्ब अमेरिकी डलर बराबरको राजस्व आम्दानी हुन सक्छ। यस्तो व्यापारले प्रतिवर्ष सय मिलियन टनभन्दा बढी कार्बनडाइअक्साइड उत्सर्जन घटाउन सकिन्छ। यसले कोइला बालेर र प्राकृतिक ग्यासका उत्पादन केन्द्रहरूबाट उत्पादन हुने उत्सर्जनलाई प्रतिस्थापन गर्न योगदान पुग्दछ।

नेपालले परम्परागत बायोमास र आयातीत इन्धनबाट स्वच्छ ऊर्जा स्रोतका रूपमा रुपान्तरण हुने हो भने नेट निरो उत्सर्जनको लक्ष्य हासिल गर्न यससम्बन्धी दीर्घकालीन रणनीति बनाउनुपर्ने विज्ञहरूको सुझाव छ। ऊर्जा क्षेत्रले नेपालको कूल उत्सर्जनको झन्डै ५४ प्रतिशत हिस्सा ओगट्ने कार्बनडाइअक्साइडको उत्सर्जनमा ठूलो योगदान दिन सक्ने देखिन्छ।

हरितगृह अत्यन्त न्यून मात्र उत्सर्जन गर्ने नेपालले जलविद्युत् तथा नवीकरणीय ऊर्जाको उपयोग गरी देशभित्र ऊर्जाको माग पूरा गर्न र छिमेकी मुलुकहरूमा समेत निर्यात गरी त्यहाँको कोइला र प्राकृतिक ग्यासको खपत घटाई हरित गृह ग्यासको उत्सर्जनलाई न्यूनीकरण गराउन सहयोग गर्न सक्ने बारेमा यो दिवसमार्फत जानकारी गराउने अवसर प्राप्त हुने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा मधुसूदन अधिकारीले बताउनुभयो।

जलविद्युत्ले नेपालको विद्युत् प्रणालीमा महत्वपूर्ण भूमिका खेलेको छ। यद्यपि, नेपालमा जलविद्युत् उत्पादनमा विविधता रहनु एउटा मुख्य चुनौतीको विषय रहेको छ। वर्षायाममा विद्युत् उत्पादन बढी हुने गर्दछ भने हिउँदको सुख्खायाममा आवश्यक विद्युत् उत्पादन हुन नसक्दा भारतबाट आयात गर्नुपर्ने अवस्था रहेको छ। नेपालको विद्युत् उत्पादन क्रमशः बढ्दै गएको छ, जसले बढ्दो विद्युत्को मागलाई धान्न सक्ने देखिन्छ। साथै, बढी भएको विद्युत् निर्यात गर्न सक्ने अवस्थामा रहे पनि यससम्बन्धी थप नीतिको खाँचो रहेको छ।

नेपालले यस्ता चुनौती र अवसरहरूलाई आत्मसात् गर्दै ऊर्जा सम्मिश्रणबाट विद्युत् उत्पादनको कर्भलाई बिस्तारै बढाउँदै लैजान सकिन्छ। विद्युत्को बढ्दो मागलाई पूरा गर्न अन्तरदेशीय ऊर्जा व्यापारलाई कार्यान्वयनमा ल्याउन सकिन्छ। नेपालले यहाँ रहेको सौर्य ऊर्जाको अपार सम्भावनालाई पनि उपयोग गरी सुख्खायाममा जब नदीहरूमा पानीको बहाव घट्दै जान्छ, त्यतिबेला जलविद्युत्को परिपूरकका रूपमा विद्युत् उत्पादन गर्न सकिन्छ। जबकि नेपालमा सौर्य ऊर्जाको सम्भावना उच्च रहेको छ। यस अतिरिक्त विद्युत्को अभाव भएका क्षेत्रहरूमा ऊर्जा भण्डारण प्रणालीमार्फत विद्युत् आपूर्ति गर्न सकिन्छ, जसले ग्रामीण क्षेत्रमा स्तरीय ऊर्जा वितरणलाई बढाउन मद्दत पुग्दछ र अतिरिक्त प्रसारण पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकतालाई कम गर्न सकिन्छ।

**ऊर्जा दिवसको अवसर**

इजिप्टको शर्म अल शेखमा हाल जारी जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको २७औं सम्मेलन (कोप-२७) को अवसरमा मंगलबार आयोजना गरिने ऊर्जा दिवस नेपालका लागि निकै महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ। ऊर्जाका विविध पक्ष र जलवायु परिवर्तनलगायत नवीकरणीय ऊर्जा र ऊर्जा सङ्क्रमणका बारेमा ऊर्जा दिवसका अवसरमा आयोजित कार्यक्रममा छलफल हुने बताइएको छ। विशेषगरी ऊर्जा क्षेत्रमा हाल देखिएको सङ्क्रमण र भविष्यका लागि सम्भावित ऊर्जा स्रोतका रूपमा हरित हाइड्रोजनका बारेमा चर्चा हुनेछ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेसहितको उच्चस्तरीय सरकारी अधिकारीहरू ऊर्जा दिवसमा सहभागी हुन इजिप्ट पुगिसक्नुभएको मन्त्रालयले जनाएको छ।

गत वर्ष स्कटल्यान्डको ग्लास्गोमा सम्पन्न कोप २६ का अवसरमा पहिलोपटक आयोजना गरिएको ऊर्जा दिवसमा नेपाल सरकारले सन् २०४५ सम्म नेट जिरो कार्बन उत्सर्जन गर्ने लक्ष्य घोषणा गरेको थियो। यद्यपि, नेपालको ऊर्जा क्षेत्र अहिले पनि परम्परागत बायोमास र आयातीत इन्धनमा नै निर्भर रहेको छ। यसले वातावरण, जनस्वास्थ्य र राष्ट्रिय अर्थतन्त्रमा नै नकारात्मक प्रभाव पुऱ्याएको छ।

ऊर्जा दिवसका अवसरमा हरित ऊर्जा क्रान्ति तथा आर्थिक वृद्धि, समावेशिता र दिगो विकासका उद्देश्यहरू हासिल गर्न स्वदेशमै उत्पादन हुने विद्युत्को खपत वृद्धि गरी महङ्गो मूल्यमा आयात गरिने इन्धनलाई कम गर्न, स्वदेशी स्वच्छ ऊर्जाबाट बढ्दो ऊर्जाको माग पूरा गर्न र छिमेकी मुलुकहरूलाई विद्युत् निर्यात गरी असन्तुलित व्यापार घाटा कम गर्न एवं विदेशी मुद्रा आर्जन गर्न सक्ने सम्भावनाका बारेमा नेपालले आफ्नो धारणा राख्नेछ। नेपाललाई विश्व समुदायमा यस क्षेत्रमा भइरहेका कार्यहरूका बारेमा बुझ्ने अवसर मिलेको डा अधिकारीले बताउनुभयो।

स्वच्छ ऊर्जाको रुपान्तरणमा नेपालले विश्वमै नेतृत्व लिन सक्ने देखिन्छ। कोप २७ को अवसरमा आयोजित ऊर्जा दिवसले नेपालको यस सम्भावनालाई विश्वमा उजागर गर्ने अवसर दिएको छ। नेपाल ग्रिन ग्रिड इनिसेटिभ एन्ड पावरिङ पाष्ट कोल एलायन्समा सहभागी हुनाका साथै कोइलारहित प्रतिबद्धतामा हस्ताक्षर गर्ने अन्तिम चरणमा रहेको छ। यससँगै ती प्रतिवद्धताहरूमा नेपालले कोप २७ मा स्वच्छ ऊर्जाका स्रोतहरूका लागि लगानी बढाउन के के कामहरू भएका छन् र स्वच्छ ऊर्जा व्यापार र उत्सर्जन न्यूनीकरणका लागि जलवायु नियमहरू के कति पालना भएका छन् भनेर सहभागी अन्य देशहरूसँग प्रश्न गर्न सक्नेछ।

नेपालको ऊर्जा विकासका लागि मिश्रित स्वच्छ ऊर्जा विकास र रुपान्तरण अति नै महत्वपूर्ण विषय हो जसले क्षेत्रीय जलवायु न्यूनीकरणलाई अगाडि बढाउन मद्दत पुग्ने काठमाडौंस्थित बेलायती दूतावासका सस्टेनबल ग्रोथ टिमका प्रमुख हैडी ताभाकोली बताउनुहुन्छ। बेलायत सरकार नेपालको ऊर्जा क्षेत्रको विकास र जलवायुसम्बन्धी कार्यलाई अगाडिढ बढाउन प्रतिबद्ध रहेको उहाँको भनाइ छ।

बेलायतले नेपाल सरकारलाई बहुविकास साझेदारीमा ग्रिड संरचना र नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम (एनआरइपी) मार्फत स्वच्छ ऊर्जा सङ्क्रमणका लागि केही वर्षदेखि सहयोग गर्दै आएको छ। एनआरइपी नेपाल सरकार र संयुक्त अधिराज्य सरकारबीच भएको एक सम्झौताअनुसार कार्यान्वयन गरिएको छ। नेपाल सरकार/वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत कार्यान्वयन गरिएको यो कार्यक्रममार्फत दिगो ऊर्जा चुनौती कोष सञ्चालन भएको छ।

सार्वजनिक सहयोगबाट नेपालमा नवीकरणीय ऊर्जाको विकासका लागि पूर्ण रूपमा निजी क्षेत्रलाई सहयोग गर्न सञ्चालन भएको पहिलो कोष पनि हो। यस कोषबाट लगानी सहयोगमा देखिएको अन्तर कम गर्न, स्वच्छ ऊर्जाको पहुँच विस्तार गर्न नवीकरणीय ऊर्जा एवं स्वच्छ ऊर्जा

*बाँकी अन्तिम पृष्ठमा*

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेंट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### विश्वको जनसंख्या आठ अर्ब पुग्ने

नयाँदिल्ली, २९ कात्तिक (रासस/एएनआई)।
मङ्गलबार विश्वको जनसङ्ख्या आठ अर्ब पुग्ने संयुक्त राष्ट्रसङ्घको अनुमान गरेको छ। संयुक्त राष्ट्रसङ्घको पछिल्लो प्रक्षेपणले विश्व जनसङ्ख्या सन् २०३० मा ८.५ अर्ब, सन् २०५० मा ९.७ अर्ब र सन् २१०० मा १०.४ अर्ब पुग्ने देखाएको छ। विश्व जनसङ्ख्या दिवसको अवसरमा सोमबार सार्वजनिक गरिएको वार्षिक विश्व जनसङ्ख्या सम्भावना प्रतिवेदनमा उल्लेख गरेको छ। सन् २०२० मा एक प्रतिशतभन्दा कममा झरेर सन् १९५० यता विश्वको जनसङ्ख्या सबैभन्दा सुस्त गतिमा बढिरहेको देखाएको थियो।

विश्व जनसङ्ख्या ७ बाट ८ अर्ब पुग्न १२ वर्ष लागेको र यो ९ अर्ब वृद्धि करिब १५ वर्ष लाग्ने अर्थात सन् २०३७ सम्ममा पुग्ने अनुमान गरिएको छ। यो विश्व जनसङ्ख्या वृद्धिको समग्र यो दर सुस्त संकेत पनि हो। सन् २०२२ सम्ममा, दोस्रो धेरै जनसङ्ख्या क्षेत्रको रुपमा एशिया रहेको छ। एसियाको पूर्वी र दक्षिण-पूर्वी २.३ अर्ब, मध्य दक्षिण एसियामा २.१ अर्ब रचीन र भारतमा १.४ अर्बभन्दा बढी पुगेको बताइएको छ।

सन् २०५० सम्ममा विश्वव्यापी जनसङ्ख्याको अनुमानित वृद्धिको आधाभन्दा बढी मात्र आठ देशमा केन्द्रित हुनेछ। ती देशमा कङ्गो, इजिप्ट, इथियोपिया, भारत, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स र तान्जानिया रहेका छन्। सन् २०२३ मा चीनलाई उछिनेर विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश भारत बन्ने संयुक्त राष्ट्रसङ्घको अनुमान गरेको छ।

### हाडले बनेको हजार वर्ष पुरानो खेलौना भेटियो

जेरूसलेम, २९ कात्तिक (रासस/सिन्ह्वा)।
इजरायली पुरातत्वविद्हरूले हाडले बनेको एक हजार वर्ष पुरानो खेलौना फेला पारेका छन्। उत्तरी इजरायलको हाइफानगरस्थित उषा पुरातात्विकस्थलमा उत्खनन गर्दा हजार वर्ष पुरानो खेलौना फेला परेको इजरायल पुरातात्विक प्राधिकरणले जनाएको छ। उमायद खलीफा राजवंशको मुसलमान शासनकाल सातौं शताब्दीदेखि १३औं शताब्दीसम्म प्राचीन इजरायलमा त्यस्ता खेलौना लोकप्रिय रहेका प्राधिकरणले बताएको छ। मुसलमान अवधिको उत्तरार्द्धमा निर्मित खेलौनामाथि देशका केही भागमा त्यतिबेला नै धार्मिक कारणले प्रतिबन्ध लगाइएको थियो।

मुसलमान शासनकालमा गाई, ऊँट, बाखा वा भेडाका खुट्टाका हाडबाट बनाइन्थ्यो। पुरातत्वविद्ले फेला पारेको उक्त गुडिया कुन जनावरको हो भन्नेबारेमा प्राधिकरणले केही बताएको छैन। प्राकिरणका अनुसार उक्त कालमा खेलौना आमोदप्रमोदका निम्तिमात्र नभई शैक्षिक सामग्रीका रूपमा पनि बनाइन्थ्यो।

### मनिलाको आवासीय क्षेत्रमा आगो लाग्दा पाँच जनाको मृत्यु

मनिला, २९ कात्तिक (रासस/सिन्ह्वा)।
यहाँको नाभोटास नगरको भीडभाडयुक्त समुदायिक बस्तीमा आगो लाग्दा पाँच जनाको मृत्यु भएको छ भने अनय दुई जना घाइते भएका छन्। आगोले जलेर दुई वर्षीय एक बालक, १८, १९, ४० र ५० वर्षीय महिलाको ज्यान गएको तथा ६४ वर्षका एक पुरुष र ५१ वर्षिया महिला घाइते भएकी अग्नि सुरक्षण विभागले जनाएको छ। आगलागीबाट एक सय ११ परिवार प्रभावित भएका तथा केही पीडित अस्थायी आश्रयस्थलमा बसेका छन्। दुर्घटनामा अन्यको पनि ज्यान गएको हुनसक्ने आशङ्कामा खोजी जारी छ। अपराह्न चार बजे लागेको आगो राति नौ बजे निभाइएको थियो।

### सोमालियामा ६ सयभन्दा बढीको हत्या

मोगादिसु, २९ कात्तिक (रासस/सिन्ह्वा)।
सोमालियामा यसै वर्षको जनवरीदेखि यता मात्र छ सयजना भन्दा बढीको हत्या भएको एक राष्ट्रसङ्घीय अधिकारीले जनाएका छन्। उनका अनुसार यहाँ गएको १० महिनामा मात्र छ सय १३ जना सर्वसाधारणको हत्या भएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार सम्बन्धी उच्चायुक्त भोल्कर टर्कले सो कुराको जानकारी दिनुभएको हो। उहाँले यस वर्ष यहाँ सर्वसधारणको हत्या झनै बढेको छ।

यहाँका नागरिकको मानव अधिकारको हनन् भएको र उनीहरुको हत्याको अवस्था झन् बढेको भन्दै उच्चायुक्त टर्कले यो निकै नै दुःखद अवस्था भएको पनि जानकारी दिनुभएको हो। सोमबार प्रकाशन गरिएको विज्ञप्तिमा उहाँले अझै कति सोमालियाली सर्वसाधारण नागरिकको ज्यान जाने हो भन्ने निश्चित नरहेको र यो अवस्था भनेको निकै नै दुःखद अवस्था हो भन्दै यहाँको हिंसाको अन्त्यको बाटो खोज्न पनि सुझाउनुभएको छ।

सोमालियाका अल सेबाब हिंसात्मक विद्रोहीहरुले पछिल्लो समयमा नागरिक हत्याको शृंखलालाई झन् बढाएको देखिएको पनि उहाँले बताउनुभएको छ। यहाँका विद्रोहीहरुले विस्फोटक पदार्थको प्रयोग गरेर नागरिकको हत्या गर्ने गरेका उहाँले बताउनुभयो। उहाँले अल सेबाब विद्रोहीहरुले करिब ९४ प्रतिशत हत्या यस्ता विस्फोटक पदार्थको प्रयोगबाट गर्ने गरेका र त्यसपछि उनीहरुले आत्मघाती हमला पनि गर्ने गरेका पाइएको उहाँले जानकारी दिनुभयो।

# व्यवसायी भन्छन् : चुनावमा नेतालाई भोट दिन्छौँ, नोट दिन सक्दैनौँ

काठमाडौँ, २९ कात्तिक (रासस)।

मङ्सिर ४ गतेका लागि तय भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मिति आउन अब पाँच दिन मात्रै बाँकी छ। निर्वाचन आएसँगै राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले मतदाताको घरदैलोमा पुगेर मत मागिरहेका छन्।

निर्वाचन आयोगले उम्मेदवारले खर्च पाउने अधिकतम सीमा तोकेको छ। विगतका निर्वाचनमा राजनीतिक दल, तिनका उम्मेदवारले चन्दा उठाए र दबाब दिए भन्ने सुनिन्थ्यो। तर यसपटक आमरूपमा त्यस्ता गुनासा सुनिएको छैन।

यद्यपि, निर्वाचन असाध्यै महङ्गो भएको चर्चा पनि चलेको छ। आयोगले तोकेको खर्चको सीमा आफैँमा कम भएको उम्मेदवारहरूले बताउँदै आएका छन्। निर्वाचन अर्थतन्त्रसँग जोडिने भएकाले यसमा खर्च स्वाभाविक रूपमा जोडिएर आउँछ।

अघिल्ला निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले जबर्जस्ती चन्दा उठाएको तथा दबाब धम्की दिएको भन्ने गुनासो आउने गरेको भए पनि यसपटक त्यस्तो सुन्नु नपरेको स्वयम् उद्योगी तथा व्यवसायीहरू बताउँदै आएका छन्।

अर्थतन्त्रमा चर्को दबाब परेको, उद्योग व्यवसायसमेत मर्कामा परेका कारण स्वयम् उद्योगी तथा व्यवसायी आफैँले पनि चन्दा दिनसक्ने अवस्थामा छैनन्। रुस र युक्रेन सङ्घर्षका कारण अर्थतन्त्रमा बाह्य दबाब कायमै छ। त्यसको अर्को प्रभाव अर्थतन्त्रकेघरेलु रूपमा परेको छ।

बैंक तथा वित्तीय संस्थाले ब्याजदर बढाएका कारण मुलुकको समग्र अर्थतन्त्रमा प्रभाव परेको छ। अहिले सहज रूपमा ऋण पाउने अवस्था छैन। उच्च ब्याजदरका कारण लगानीकर्ताको मनोबल घटेको टिप्पणी भइरहेको छ। त्यसकारण पनि उद्योगी व्यवसायीले निर्वाचनका लागि भनेर यसपटक चन्दा दिन सक्ने अवस्था नरहेको उद्योगी तथा व्यवसायीको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठका अनुसार यस पटकको निर्वाचनमा चन्दाको खासै दबाब आएको छैन। "व्यवसायीहरू आफैं चन्दा दिनसक्ने अवस्थामा छैनन्। व्यापार व्यवसायलाई नियमित राख्ने भन्ने चिन्तामा रहेका उद्योगी व्यवसायीले चन्दा कसरी दिनु?", उहाँले भन्नुभयो। यद्यपि उद्योगी व्यवसायीहरूले आ-आफ्नो हैसियतअनुसार चन्दा दिएको भने हुनसक्ने उहाँको भनाइ छ। तर यसपटक भने चन्दाकै लागि दबाब भने नभएको उहाँले बताउनुभयो।

अर्थतन्त्र चापमा परेको विषयमा प्रमुख राजनीतिक दल र उम्मेदवार आफैं जानकार छन्। बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव उस्तै छ। चौतर्फी दबाबका कारण नेपाल बैंकर्स सङ्घले आगामी महिना ब्याजदर नबढाउने निर्णय मंगलबार मात्रै गरेका छन्। एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृतसमेत रहनुभएका सङ्घका उपाध्यक्ष सुनिल केसीले मङ्सिर महिनामा ब्याजदर नबढाउने निर्णय भएको जानकारी दिनुभयो।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल उम्मेदवारलाई भोट दिएर सहयोग गर्ने तर नोट दिन नसक्ने स्पष्ट पार्नुभयो। उहाँले कतिपय पार्टीका नेता तथा उम्मेदवारलाई स्वतःस्फूर्त रूपमा केहीले सहयोग गरेको भए पनि आमरूपमा सहयोग गर्न नसक्ने अवस्था रहेको बताउनुभयो। "हामीले स्पष्टरूपमा भोट दिएर सहयोग गर्छौं, नोट दिन सक्दैनौँ भनेका छौँ", उहाँले भन्नुभयो।

चेम्बर अफ कमर्सका कुनै पनि सदस्य र पदाधिकारीले यसपटक चन्दाका लागि दबाब महसुस गर्नु नपरेको उहाँको भनाइ छ। निर्वाचनपछि देशको अर्थतन्त्रले लय समात्ने र हाल देखिएको समस्या समाधान हुने विश्वास व्यक्त गर्दै अध्यक्ष मल्लको छ।

केही उम्मेदवारले भने सार्वजनिक रूपमा नै चन्दाको लागि आह्वान गरेका छन्। रुपन्देहीमा वाम लोकतान्त्रिक गठबन्धनको समेत सहयोग पाउनुभएका स्वतन्त्र उम्मेदवार घनश्याम भुसालले बैंकको खाता नम्बर सार्वजनिक गरी सहयोगका लागि आग्रह गर्नुभएको छ। शुभचिन्तकहरूले युआर कोड स्क्यान गरी सहयोग गर्न सक्ने प्रबन्ध गरिएको छ।

काठमाडौँ क्षेत्र नं ९ मा साझा पार्टीका तर्फबाट उम्मेदवारी दिनुभएका उम्मेदवार मिलन पाण्डेले पनि सहयोगका लागि आग्रह गर्नुभएको छ। साथै, काठमाडौँ क्षेत्र नं ७ मा वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट उम्मेदवारी दिनुभएका अस्मिता सिंह (मानुषी यमी भट्टराई)ले पनि शुभेच्छुकलाई सहयोगका लागि आग्रह गर्नुभएको छ। त्यस्तै, अन्य केही उम्मेदवारले समेत सहयोगका लागि सार्वजनिक आह्वान गर्नुभएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट काठमाडौँ क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्य उम्मेदवार रहनुभएका रवीन्द्र मिश्रले निर्वाचन आयोगले तोकेको खर्च गर्न पाउने सीमा बराबरको सहयोग रकम आफूलाई प्राप्त भइसकेको भन्दै अब सहयोग नगर्न अपिलसमेत गर्नुभएको छ।

**यस्तो छ उम्मेदवारले खर्च गर्न पाउने सीमा**

आयोगका अनुसार काठमाडौँ क्षेत्र नं १, ३, ६, ७ र ८ मा प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारले अधिकतम रु २५ लाख खर्च पाउनेछन्। त्यसबाहेक मुलुकका १७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु २७ लाखसम्म खर्च गर्न पाउनेछन्।

आयोगले निर्धारण गरेको खर्चको सीमाअनुसार २६ निर्वाचन क्षेत्रका उम्मेदवारले रु ३३ लाख, ६५ निर्वाचन क्षेत्रका उम्मेदवारले रु २९ लाख र ५२ निर्वाचन क्षेत्रका उम्मेदवारले रु ३१ लाखभन्दा बढी खर्च गर्न पाउने छैनन्।

### लोकतान्त्रिक-वाम ...

मर्मलाई नबुझेकोले यस वर्षको चुनावमा जनताले भोटबाट जवाफ दिने अन्सारीले भने। लोकतान्त्रिक समाजवादी पार्टीका नेता ललन झाले मतदाताले परिवर्तन चाहेको बताए। उनले लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार ठाकुरलाई जिताउन मतदाताहरु लागि परेको दाबी गरे।

### मंसिरमा ...

असोजसम्म मासिक पूर्ववत् ब्याजदरमा १० प्रतिशतका दरले निक्षेपको ब्याजदरमा वृद्धि गर्ने निर्णय गरिएको थियो। गत भदौसम्म व्यक्तिगत मुद्दती निक्षेपमा ११ दशमलव शून्य ३ प्रतिशत तथा संस्थागत मुद्दती निक्षेपमा नौ दशमलव शून्य तीन प्रतिशत ब्याजदर रहेको थियो।

### युवा विदेशिनुले ...

प्रकाश पौडेलले आसन्न प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा आफ्नो पार्टीले प्रत्यक्षतर्फ ७८ र समानुपातिकतर्फ १ सय ७३ उम्मेदवार चुनावी प्रतिष्पर्धामा उतारेको जानकारी दिँदै अत्याधिक स्थानमा बिजयी हुने दाबी गरे।

सो अवसरमा पार्टीका जिल्ला सभापति एवं प्रदेशसभा सदस्य (समानुपातिक) तर्फकी उम्मेदवार सर्वेश्वरी देवी झा, प्रतिनिधिसभा सदस्य (समानुपातिक) तर्फका उम्मेदवार पार्थो सरकार लगायत स्थानिय नेता तथा कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो।

# मतदान केन्द्रमा क्यामरा, मोबाइल निषेध

**दैनिक समाचारदाता**
**राजविराज, २९ कात्तिक।**

निर्वाचन आयोगले मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्ने सम्बन्धमा चार बुँदे निर्देशन दिने निर्णय गरेको छ।

मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आयोगले मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउनका लागि सर्वपक्षीय बैठकमा समेत छलफल गराई सार्वजनिक आह्वान र अनुरोध गर्ने निर्णय गरेको छ।

यस्तै मतदाता वा अन्य व्यक्तिले मतदान केन्द्रमा आउँदा निषेधित वस्तु लिई आएको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारबाही गर्ने र सलाई, लाइटर, क्यामरा, मोबाइलजस्ता वस्तु लिई आएमा मतदान केन्द्रको प्रवेश विन्दुमा राख्ने व्यवस्था मिलाउने वा मतदान केन्द्र बाहिर उपयुक्त लागेको स्थानमा राख्न लगाएर मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिने निर्णय गरेको छ।

कसैले फोटो खिच्ने क्यामरा वा मोबाइल आफ्नो स्थानमा साथमा लगी मतसंकेत गर्ने स्थान मतदान कक्षमा गएमा तत्काल क्यामरा वा मोबाइल जफत हुने व्यहोरा सर्वसाधारणलाई सूचित गर्ने तथा निर्वाचन आचारसंहिता विपरीत कार्य गर्ने मतदाता तथा अन्य व्यक्तिलाई कानून बमोजिम कारवाही गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमार्फत मतदान केन्द्रमा खटिने सबै मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी गराउने निर्णय समेत गरेको आयोगले जनाएको छ।

### निर्वाचनले हवाई ...

प्रबन्धक परासरजङ्ग पाण्डेले पछिल्ला दिनमा उडान चाप बढेको बताउनुभयो। उहाँका अनुसार अहिले बुद्ध एयरका उडानमा औसत अकुपेन्सी ९० प्रतिशतभन्दा बढी छ।

"अहिले सामान्य अवस्थामाभन्दा केही यात्रुको सङ्ख्या बढेको छ, आगामी शुक्रबार र शनिबार सङ्ख्या अझ बढ्ने देखिएको छ", उहाँले भन्नुभयो, "यी दुई दिनका लागि बुकिङ पनि बढेको छ।" बुद्ध एयरले हाल दैनिक एक सय ५० उडानमार्फत् सात हजार पाँच सयभन्दा बढी यात्रुलाई सेवा दिइरहेको छ। कम्पनीसँग ७२ सिट क्षमताका ११ र ४५ सिट क्षमताका तीन गरी १४ एटिआर र दुई बिचक्राफ्ट गरी कूल १६ जहाज छन्।

यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले निर्वाचनको सङ्घारमा आन्तरिक उडानमा चहलपहल बढेको बताउनुभयो। कम्पनीको अहिले उडान अकुपेन्सी ८५ देखि ९० प्रतिशत हाराहारीमा रहेको उहाँको भनाइ छ। तर पछिल्लो समय हवाई इन्धनका कारण टिकट मूल्य बढेकाले यसको विकल्प खोज्नेहरू पनि बढेको उहाँको भनाइ छ। उहाँका अनुसार काठमाडौँदेखि नजिकको गन्तव्य मानिने सिमराका लागि न्यूनतम रु तीन हजार छ सय र बढीमा चार हजार १५ भाडा दर कायम छ। साथै, काठमाडौँ-धनगढीका लागि अधिकतम रु १६ हजार भाडा तोकिएको छ। यती एयरलाइन्सले छ थान एटिआरमार्फत् सेवा दिइरहेको छ।

श्री एयरलाइन्सका व्यवस्थापक अनिल मानन्धरका अनुसार अहिले आन्तरिक उडानमा सामान्य चाप छ। "निर्वाचनले उडानमा चाप बढेको छ तर धेरै चाप भने छैन", उहाँले भन्नुभयो।

**मङ्सिर ४ गते उडान नहुने**

मतदान हुने दिन मङ्सिर ४ गते आन्तरिक उडानतर्फ नियमित उडान भने हुने छैन। उक्त दिन अत्यावश्यक र चार्टड उडान मात्रै हुने विमानस्थल कार्यालयको भनाइ छ।

"चार्टर्ड उडान र अत्यावश्यक उडानका लागि निर्वाचन आयोगसँग सहमतिमा हुनसक्छ तर नियमित उडान भने हुँदैन", विमानस्थलका प्रवक्ता सिटौलाले भन्नुभयो। निर्वाचनका दिन अन्तर्राष्ट्रिय उडान भने सामान्य रूपमा सञ्चालन हुने उहाँको भनाइ छ।

### स्वच्छ ऊर्जा ...

सङ्क्रमण परियोजनामा लगानी गर्न तथा आर्थिक वृद्धि र रोजगारी सिर्जनामा सहयोग गर्नेछ। यस कार्यक्रमअन्तर्गत हालसम्म सौर्य रुफटप परियोजना, सौर्य सिँचाइ परियोजना र बजारमा आधारित अवधारणामार्फत छ हजारभन्दा बढी विद्युतीय चुलो जडान गरिएको छ।

विद्युत्को अधिकतम् प्रयोग गरी केही वर्षभित्रै सम्पूर्ण नेपालीलाई स्वच्छ विद्युतीय ऊर्जा उपलब्ध गराउन सकिने अवस्था रहेको सचिव घिमिरेले बताउनुहुन्छ। विश्वका धेरै मुलुकको सहभागिता रहेको कोपजस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले हरित गृह ग्यासको उत्सर्जन कम गर्न स्वच्छ ऊर्जा स्रोतहरूमा लगानीका लागि आग्रह गर्न तथा अन्य देशमा हरित ऊर्जाको व्यापार एवं उत्सर्जन घटाउने पहिचान गराउन सकिने उहाँको भनाइ छ।

लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार।

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np